श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०४४।४५ को सिजनदेखि संखुवासभा र बझाङ जिल्लाहरूमा तथा बीरगञ्ज नगर पञ्चायत क्षेत्र (साबिक नापी भएको र नापी हुन बाँकी भाग समेत) को क्षेत्रफल यकीन गर्न, किसिम छुट्याउन र दर्ता गर्न गराउन नापी वा जाँच गर्न यो आदेश जारी गरेको छ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी जापानको जापानी शफ्ट टेनिस संघबाट उपहारस्वरूप राष्ट्रिय खेलकूद परिषद् अन्तर्गत स्थापना भएको नेपाल शफ्ट टेनिस संघलाई प्राप्त भएको १०० थान र्‍याकेट, ५० दर्जन बल, २ थान नेट र केही केटगट्सहरूको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले "सामाजिक सेवा मन्दिर" भवन निर्माण कार्यको लागि बेलायतबाट आयात गर्ने स्ट.पा. १०,३७५।– मूल्य बराबरको मोडेल नं. ए.डी.सी. ६२,६२ के.भी.ए. को जेनेरेटर थान १ र सोको स्पेयर पार्ट्सको पैठारीमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।